## अनुसूची ७

(कार्यविधिको दफा १६(ङ) सँग सम्वन्धित)

## योजनाको भुक्तानी तथा फरफराकका लागि आवश्यक कागजातहरु

१. वडाका जनप्रतिनिधिहरूको रोहबारमा व्यापक आमभेला गरी उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति गठन/पुरानै उपभोक्ता समिति नविकरणको निर्णय तथा उ.स. गठन/ पुरानै उपभोक्ता समिति नविकरणको गरिएको निर्णय र वडा सिफारिस ।

२. उपभोक्ता समिति गठन गर्दा अनिवार्य ७ देखि ११ सदस्यीय हुनुपर्ने जसमा सचिव वा कोषाध्यक्ष सहित ३३ प्रतिशतमहिला सहभागिता अनिवार्य हुनुपर्नेछ।

३. उपभोक्ता समितिको सम्पूर्ण सदस्यको नागरिकताको फोटोकपी अनिवार्य समावेश गर्ने ।

४. लागत सहभागिता बापतको रकम जम्मा गरेको सक्कल रसिद।

५. योजनाको लागत इस्टिमेट / प्रस्तावना

६. उपभोक्ता समितिको सम्झौता गर्ने निर्णय र योजना सम्झौता गर्ने निवेदन,

६(क). योजना सम्झौता गर्न वडाको सिफारिस

७. उ.स.बाट अध्यक्ष, सचिव र कोषाध्यक्षको नाममा खाता खोल्ने निर्णय तथा खाता संचालन गर्न निवेदन

८. योजना सम्झौता र कार्यादेश

९. काम शुरू गर्ने उपभोक्ता समितिको निर्णय

१०. काम शुरू हुनु अघिको सम्बन्धित स्थलको फोटो, काम संचालन रहेको अवस्थाको फोटो योजनाको स्पष्ट देखिने होडिङ बोर्ड

११. कार्यप्रगतिको आधारमा रनिङ बील माग गर्ने उ.स.को निर्णय र निवेदन , प्राविधिक बिल, नापी किताब (रनिङ बील प्रयोजनका लागि मात्र)

१२. कार्यप्रगति भएबमोजिमको बिल भर्पाई (रनिङ बील प्रयोजनका लागि मात्र)

१३. कार्य सम्पन्न भएको र रकम भुक्तानीका लागि उ.स.को निर्णय

१४. आम उपभोक्तासाथै वडाका जनप्रतिनिधिको उपस्थितिमा योजनाको सार्वजनिक परीक्षण र खर्च सार्वजनिक

१५. वडा अनुगमन र कार्य सम्पन्नको सिफारिस

१६. नगर अनुगमन समितिको अनुगमन प्रतिवेदन साथै स्थलगत अनुगमनको फोटो अनिवार्य

१७. प्राविधिक प्रतिवेदन तथा प्राविधिक बील

१८. प्राविधिक कार्य सम्पन्न प्रतिवेदन

१९. बील (निर्माण सामाग्रीको हकमा अनिवार्य भ्याट बिल), भर्पाई (भुक्तानी पाउनेको नागरिकताको प्रतिलिपि अनिवार्य), डोर हाजिरा (भुक्तानी पाउनेको अनिवार्य नागरिकताको फोटोकपी)

२०. कार्यसम्पन्न भएको स्पष्ट देखिने फोटोहरु

२०.मेसिन(डोजर, स्काभेटर, लोडर लगायत)प्रयोग भएको भए सो सँगको सम्झौता, नगरपालिकामा मेसिन सुचिकृत भएको प्रमाणित कागजात, चालकको लाइसेन्स र बिलबुकको फोटोकपी/ढुवानीका लागि प्रयोग गरिएका सवारी चालकको लाइसेन्स र बिलबुकको फोटोकपी

२१. भुक्तानी माग गर्ने निवेदन

२२. सम्पुर्ण बिल, भर्पाई, फोटो तथा अन्य प्रतिलिपि कागजातमा उ.स.को अध्यक्ष/सचिव बाट प्रमाणित (सही छाप) गरेको हुनुपर्ने।